## १४ औं नेपाल अध्ययन दिवस लिभरपुलमा भब्य रुपमा सम्पन्न

बेलायत नेपाल प्रज्ञा परिषद् (BNAC) को नेपाल अध्ययन दिवस लिभरपुल जोन मोर विश्वविधालयको एडमण्ड भवनमा यही अप्रिल १४-१५ मा दुई दिने कार्यक्रम गरेर समापन भएको छ।

हरेक बर्ष झैँ नेपाल वा नेपाली सांस्कृतिक संसारका विविध पक्षमा गरिएका ताजा अनुसन्धानहरू प्रस्तुत र छलफल हुने यो कार्यक्रममा यो वर्ष विभिन्न आठ विषयमा २३ ओटा शोधपत्र र ९ ओटा पोस्टर प्रस्तुत, एक 'प्यानल' छलफल, र एक कार्यशाला चलाइएको थियो।

कार्यक्रमको पहिलो दिन बोर्नमथ विश्वविद्यालयका प्रो. एडविन भ्यान-तेजलिङ्गेनले 'फोकस ग्रुप डिस्कसन्' विषयमा ज्ञान-अभिवृद्धि कार्यशाला सञ्चालन गरेका थिए। त्यसपछि स्थानीय आयोजक द्वय प्रो. पदम सिम्खडाको सञ्चालन र डा. सेरा पार्करको स्वागत र परिषद्का अध्यक्ष प्रो. डेविड गेल्नरको छोटो उदघाटन मन्तव्यसहित शोधपत्र प्रस्तुति कार्यक्रम सुरु भएको थियो।



**शोधपत्र प्रस्तुति**

पहिलो सत्रको प्रस्तुति शिक्षा विषयमा भएको थियो। प्रो.पदम सिम्खडाको सभापतित्वमा भएको यो सत्रमा युसिएल लण्डनका डा. तेजेन्द्र फेरालीले नेपालको जनयुद्ध र शैक्षिक संस्थाहरूमा नेतृत्वको दुर्दशा; म्यानचेस्टर विश्वविद्यालयका डा. दामोदर खनालले विद्यालयमा हुने दवाव र पछि परेका समुदायका बालबच्चामा परेको असर; र डा. बिभा सिम्खडा र अन्यले नेपालमा मानसिक स्वास्थ्य र नर्सिङ शिक्षाको बारेमा शोधपत्र प्रस्तुत गरेका थिए। सोआस लण्डनकी डा. फेजी इस्माइलले अध्यक्षता गरेको दोस्रो सत्रमा लैङगिक र द्वन्द्व विषयमा चार वटा कार्यपत्र प्रस्तुत भएको थियो। युसिएल लण्डनकी डा. एमली मेडेरोसले द्वन्द्वमा सङ्लग्न बालबालिकामा दिर्घकालमा देखिएको असर; लिभरपुल जोन मोर विश्वविद्यालयका द्वय डा. के स्टान्डिङ र डा.सेरा पार्करले नेपालमा भूकम्पपछिको महिला हिँसा; लण्डन स्कूल अभ् इकोनोमिक्सकी डा. पुनम यादवले जनयुद्धपछि नेपालमा महिलामा आएको सामाजिक परिवर्तन र ग्लास्गो विश्वविधालयकी कुमुद राणाले तेस्रो लिङ्गी पहिचानको बारेमा शोधपत्र प्रस्तुत गरेका थिए।

पहिलो दिनको अन्तिम (तेस्रो) सत्र ‘जात, वर्ग र पहिचान’को अध्यक्षता सोआस् लण्डनकी डा. स्टेफानी लोटरले गरेकी थिइन। उक्त सत्रमा अक्स्फोर्ड विश्वविद्यालयका द्वय डा. कृष्ण अधिकारी र प्रो. डेविड गेल्नरले दक्षिण एसियाली परिवेशमा समाजशास्त्री वोर्डूको डिस्टिङक्शनको प्रयोग; र क्म्प्लुटेंसे दे म्याड्रिड विश्वविद्यालय, स्पेनकी आन्द्रेय दे ला रुविया गोमेज-मोरानले सन् १९५० को दशकमा आधुनिक नेपाली पहिचानमा पश्चिमी संस्कृतिको प्रभावबारेमा शोधपत्र प्रस्तुत गरेका थिए।

दोस्रो दिनको सुरुमा (चौथो सत्र) बसाइँसराइ र गतिशीलता विषयमा तीनओटा शोधपत्रहरू प्रस्तुत गरिएका थिए। डा. कृष्ण अधिकारीको अध्यक्षतामा सम्पन्न सो सत्रमा लिभरपुल विश्वविद्यालयका डा. हेमराज शर्माले नेपालको सामाजिक-आर्थिक विकासमा नेपाली ‘डायस्पोरा’को योगदान; प्रो. द्वय पदम सिम्खडा र एडविन भ्यान-तेजलिङ्गेनले नेपालमा बसाइँसराइको प्रभाव; र सिएनएसयुकेका डा. चन्द्र लक्सम्बा र अन्यले बेलायतका नेपालीहरूको सामाजिक गतिशीलताको बारेमा शोधपत्र प्रस्तुत गरेका थिए। प्रो. भ्यान-तेजलिङ्गेनले अध्यक्षता गरेको स्वास्थ्य सम्बन्धी विषयको छैटौं सत्रमा सेफिल्ड विश्वविद्यालयका जीवन कार्की र अन्यले नेपालको प्राथमिक स्वास्थ्य सेवामा सरोकारवालाको सहभागिता; लिभरपुल जोन मोर विश्वविद्यालयका डा. एकनारायण पौडेल र अन्यले नेपालमा एचआईभी/एड्ससम्बन्धी विभेद; एवर्डिन विश्वविद्यालयका यज्ञप्रसाद सुवेदीले नेपालमा पोषण र आर्थिक क्षेत्रमा परिवर्तन; र वेस्ट अभ् इंग्लैंड विश्वविद्यालयका डा. पुष्पराज पन्त र ब्रिष्टल विश्वविद्यालयका जुली मिटनले नेपालमा वेवास्ता गरिएको चोटपटकको महामारीको बारेमा शोधपत्र प्रस्तुत गरेका थिए।

द्रहम विश्वविद्यालयका डा. बेन क्याम्पबेलले अध्यक्षता गरेको शक्ति (इनर्जी), पर्यावरण र सामाजिक उद्यम विषयको छैटौं सत्रमा तीन ओटा शोधपत्रहरू प्रस्तुत गरिएको थियो। रोयल बोटानिकल सोसाईटी एडिनबराका डा. कोलिन ए पन्ड्रीले नेपालको ऐतिहासिक पर्यावरणीय निमार्ण;  ओस्लो विश्वविद्यालय नर्वेका मिकेल भिन्डेगले नेपालमा इन्धनबारे मानवशास्त्रीय दृष्टिकोण; र स्वान्जी विश्वविद्यालयका रविन्द्र न्यौपानेले नेपालमा सामाजिक उद्यम विषयमा शोधपत्र  प्रस्तुत गरेका थिए। डा. सेरा पार्करले अध्यक्षता गरेको सैन्य तथा श्रम आप्रवासीको अधिकार सम्बन्धी (सातौं) सत्रमा सोलिडारिटी इन्टर्न्याशनलका कृष्ण उपाध्यायले कतारका नेपाली आप्रवासी र  गेसोका डा. चन्द्रबहादुर गुरुङले गोर्खा भर्ति र नेपाल-बेलायत सम्बन्धमा प्रस्तुत गरेका थिए।

कार्यक्रमको अन्तिम सत्रमा नेपालको भूकम्प र विनाशपछिका प्रयासहरूको बारेमा सावर्जनिक छलफल चलाइएको थियो। प्रो. गेल्नरले अध्यक्षता गरेको सो सत्रमा दुई ओटा शोधपत्र र थप दुई प्यानल सदस्य (डा. अधिकारी र डा. पार्कर) को छोटो प्रस्तुति रहेको थियो। शोध प्रस्तुतिमा  द्रहम विश्वविद्यालयका मार्क मानुएल र अन्यको काठमाडौंका क्षतिग्रस्त स्मारकहरूको पुरातात्विक विश्लेषण; र डा. क्याम्पबेलको तामाङ बस्तीको ‘घर के हो ? राज्य के हो ?’ शिर्षकको छोटो फिल्म रहेका थिए ।



पोस्टर

कार्यक्रममा बोर्नमथ विश्वविद्यालयका जीव आचार्य र अन्यको पोषणसम्बन्धी; सेफिल्ड विश्वविद्यालयकी सरिता पाण्डे र अन्यको महिला स्वास्थ्य स्वयसेविकासम्बन्धी; श्रद्धा मानन्धर र अन्यको सुर्तीसेवन परित्यागसम्बन्धी; ब्रुस एण्डरसन र अन्यको बृद्धबृद्धासम्बन्धी; लिभरपुल जोन मोर विश्वविधालयका भक्त गुरुङको बृद्धबृद्धा गोर्खाको सेवामा पहुँचसम्बन्धी; डा. पार्करको ‘फेयर ट्रेड’सम्बन्धी; डा. स्ट्यान्डिङ र अन्यको नेपालमा अनुकरणीय महिलाहरूसम्बन्धी, आदि पोस्टरहरू प्रस्तुत र छलफल भएको थियो।



*फोटो: साधारणसभा*

यसैक्रममा पहिलो दिन साँझमा परिषद्को अनौपचारिक महाधिवेशन प्रो. गेल्नरको अध्यक्षतामा  भएको थियो। परिषद्का अध्यक्ष प्रो. गेल्नर र महासचिव डा. अधिकारीले विगत एक बर्षका विभिन्न गतिविधिहरू माथि प्रकाश पारेका थिए। परिषदले नियमित बार्षिक नेपाल प्रवचनको साथै बिभिन्न सेमिनारहरू आयोजना गरेको र गत मार्चमा बेलायत-नेपाल सम्बन्धको दुई सय बर्ष पूरा भएको उपलक्ष्यमा उक्त ऐतिहासिक सम्बन्धको बारेमा विज्ञहरूबाट सात ओटा शोधपत्र प्रस्तुतिसहित कार्यशाला र सार्वजनिक प्रवचन कार्यक्रम गरेको थियो। नेपाल अध्ययन दिवस अलावा परिषदले काठमाडौंमा बर्षेनी आयोजना हुने नेपालको सबैभन्दा ठूलो समाजशास्त्रसम्बन्धी सम्मेलनमा सहआयोजकको रूपमा भूमिका निभाउँदै आएको छ। नेपालको विनाशकारी भूकम्पको बारेमा चेतना फैलाई सहयोग जुटाउन  र हालैको नाकाबन्दीबारे सरोकार राखि सहजता ल्याउन दवाव दिने हिसाबले परिषदले भूमिका खेलेको कार्यक्रममा जानकारी गराइएको थियो। सो साँझ  सुल्तान प्यालेसमा रात्रिभोजको कार्यक्रम पनि आयोजना गरिएको थियो।

लिभरपुल अध्ययन दिवसमा बेलायत, स्पेन, नर्वे र  नेपालबाट आएका करिव ६० जनाको सहभागिता रहेको कार्यक्रमका स्थानीय आयोजक प्रो. सिम्खडाले जानकारी दिनुभयो। सदा झैं शोधपत्र प्रस्तुत गर्ने विश्वविद्यालयका विद्यार्थीहरूलाई हौसला  स्वरूप सानो आर्थिक अनुदान पनि प्रदान गरिएको, र लिभरपुल नेपाली समाजका सदस्यहरूको सहयोगमा बाहिरबाट आएका सहभागीहरूलाई नेपाली परिवारसँग बस्ने व्यवस्था गरिएको उहाँले बताउनु भयो।

विगत १४ बर्ष देखि हरेक बर्ष (२०११ देखि दुई दिन) सञ्चालन हुँदै आएको 'नेपाल अध्ययन दिवस' स्थापित प्राध्यापकदेखि नयाँ विद्यार्थी र नेपालसम्बन्धी रुची हुने जोसुकैको लागि एकै ठाउँमा जमघट हुने, नयाँ नयाँ अनुसन्धान प्रस्तुत गर्ने, सुन्ने र प्राज्ञिक बहस गर्ने यूरोप क्षेत्रमै एक मात्र फोरम रहेको परिषद्का महासचिव डा. कृष्ण अधिकारीले बताउनु भयो।

अर्को बर्षको नेपाल अध्ययन दिवस बोर्नमथ विश्वविद्यालयमा गर्ने प्रस्ताव गरिएको बुझिएको छ।  नेपालसम्बन्धी अध्ययन वा प्राज्ञिक कार्यमा संलग्न वा रुची भएका व्यक्तिहरू सानो शुल्क तिरी परिषद्को सदस्यता लिन सक्ने र सदस्यलाई परिषद्का कार्यक्रममा निशुल्क प्रवेश साथै अन्य सुविधा दिइने व्यहोरा पनि डा. अधिकारीले जानकारी दिनु भयो।